प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# व्यावसायिक तथा सीप विकास तालीम केन्द्र
# प्रदेश नं. १ भद्रपुर झापाको

## सीप विकास तालीम सञ्चालनको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : ०७७।११।१८**

यस केन्द्रबाट आ.व.०७७।०७८ मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सीप विकास तालीमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय निकाय ,गैर नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुवाट तालीम वापत कुनै शुल्क लिइने छैन र तालीम सामग्री उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि उपलब्ध हुने छैन।

**१. स्थानीय निकाय, गैर नाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालीमहरु :**

| सि.नं. | तालीमको विषय | तालीमको अवधि | न्युनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाईने स्थान |
|---|---|---|---|---|
| १ | विद्युतजडान | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र,भद्रपुर झापा |
| २ | प्लम्वीङ्ग | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ३ | केश श्रृंगार | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ४ | सिलाई कटाई | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ५ | ढाका बुनाई | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तिर्ण | |
| ६ | मोवाइल मर्मत | ३ महिने (३९० घण्टा) | कक्षा SEE वा SLC उत्तिर्ण गरि आधार भूत कम्प्युटर तालीम लिएको | |

### तालीम सञ्चालन गर्न इच्छुक निकाय वा संघसंस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु

१ संघ संस्थाहरुले दर्ता प्रमाण पत्र ,अद्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान नं./मु.अ.क.दर्ता , स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारीक पदाधिकारीवाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००। तिरी यस कार्यालयमा कार्यालय समय भित्र बुझाई सक्नुपर्ने छ। कागजात, प्रतिलिपि बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाईने छैन।

२ तालीम संचालन गर्न योग्य भई छनौट भएका संघ संस्थाले यस केन्द्रवाट तालीम समापन भए पछि फिर्ता हुने गरि तालीम सामाग्री, तालीम उपकरण र सम्बन्धीत विषयको प्रशिक्षक प्राप्त गर्ने छन्। तालीम संचालनको लागि थप व्यवस्थापन एवं तालीम कक्ष, विद्युत, पानी र शौचालय लगायतका सुविधा संघ संस्थाहरुले नै निशुल्क उपलब्ध गराउनु पर्ने छ। प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाईने छैन।

३ यस केन्द्रमा छनौट भएका तालीम प्रदायक संघ संस्थाहरुमा सञ्चालन हुने तालीमहरु ३ महिने (३९० कार्य घण्टा) दैनिक औसत ६ कार्य घण्टा संचालन गर्नुपर्ने छ।

**सम्पर्क नम्बर : ०२३-५२०३०५, ९८५२६२६४२६**

**केन्द्र प्रमुख**

केन्द्र प्रमुख